विधेयक संख्याः

# प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रदेश सभा सचिवालय

प्रदेश सभा भवन

कर्णाली प्रदेश, सुर्खेत

## उद्देश्य र कारण

प्रदेश लोक सेवा आयोग ऐन, २०७५ बमोजिम मिति २०७७।११।०६ मा नियुक्ति भएका प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धमा कानूनी व्यवस्था गर्न आवश्यक भएकोले "प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" तर्जुमा गरी प्रदेश सभामा पेश गरेको छु।

(जीवनबहादुर शाही)
मुख्यमन्त्री
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश।

## आर्थिक टिप्पणी

प्रदेश लोक सेवा आयोग ऐन, २०७५ बमोजिम नियुक्ति भएका प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धमा कानूनी व्यवस्था गर्न "प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" तर्जुमा गरिएको हुँदा प्रस्तुत विधेयक कार्यान्वयन गर्दा वार्षिक अनुमानित पचास लाख रुपैयाँ प्रदेश सरकारलाई थप आर्थिक दायित्व पर्ने व्यहोरा प्रदेश सभामा पेश गरेको छु।

(जीवनबहादुर शाही)
मुख्यमन्त्री
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश।

**प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा प्रस्ताव भएको प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी**

| **क्र.सं.** | **विधेयकको दफा/उपदफा** | **प्रत्यायोजित व्यवस्थापनको कारण** | **प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा** | **प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव** |
|---|---|---|---|---|
| १. | दफा २८ | पदाधिकारीले खाइपाई आएको पारिश्रमिक तथा सुविधामा समय समयमा हेरफेर गर्नु पर्ने भएको र त्यसरी हेरफेर गर्न प्रदेश सभाको स्वीकृति लिन प्रक्रियागत रुपमा समेत उपयुक्त नहुँदा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर गर्न सक्ने व्यवस्था राख्न आवश्यक भएको। | प्रदेश सरकारले पदाधिकारीले खाइपाई आएको पारिश्रमिक तथा सुविधा समय समयमा हेरफेर गर्न त्यसको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्ने। | योग्यता प्रणालीको सिद्धान्तमा आधारित भई स्वच्छ र निष्पक्ष रुपमा पद पूर्ति गर्न सघाउ पुग्ने। |

# प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावनाः** प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी ऐन, २०७८" रहेको छ।

(२) यो ऐन सम्वत् २०७८ साल फागुन २९ गतेदेखि प्रारम्भ भएको मानिनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्छ।

(ख) "आयोग" भन्नाले नेपालको संविधानको धारा २४४ बमोजिमको प्रदेश लोक सेवा आयोग सम्झनु पर्छ।

(ग) "पदाधिकारी" भन्नाले आयोगको अध्यक्ष वा सदस्य सम्झनु पर्छ।

(घ) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ।

## परिच्छेद-२
## पारिश्रमिक र सुविधा

३. **पारिश्रमिकः** (१) पदाधिकारीले अनुसूचीमा उल्लेख भए बमोजिमको पारिश्रमिक पाउनेछ।

(२) पदाधिकारीको पदावधि समाप्त भएमा वा निजले दिएको राजिनामा स्वीकृत भएमा वा मृत्यु भएमा वा अरु कुनै कारणबाट पदबाट अवकाश पाएमा निजले आफ्नो पद कायम रहेको दिनसम्म पाउने पारिश्रमिकको अतिरिक्त एक महिनाको थप पारिश्रमिक पाउनेछ।

(३) उपदफा (२) बमोजिमको पारिश्रमिक पदाधिकारीलाई दिइनेछ। पदाधिकारीको मृत्यु भएको अवस्थामा त्यस्तो पारिश्रमिक निजले कसैलाई इच्छाएको भए त्यस्तो व्यक्तिलाई र निजले कसैलाई इच्छाएको रहेनछ वा इच्छाइएको व्यक्ति जीवित रहेनछ भने निजको नजिकको हकवालालाई दिइनेछ।

(४) पदाधिकारी आफ्नो पदमा बहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पारिश्रमिक र सुविधामा परिवर्तन गरिने छैन।

तर चरम आर्थिक विश्रृंखलता, प्राकृतिक विपद् वा महामारीको कारणले गम्भीर संकट उत्पन्न भई संकटकाल घोषणा भएको अवस्थामा यो व्यवस्था लागू हुने छैन।

४. **आवास सुविधाः** (१) पदाधिकारीलाई प्रदेश सरकारबाट सरकारी आवासको बन्दोवस्त गरिनेछ।

(२) उपदफा (१) बमोजिम सरकारी आवासको बन्दोवस्त नभएमा मासिक रुपमा अनुसूचीमा उल्लेख भए बमोजिमको रकम आवास सुविधा बापत दिइनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि पदाधिकारीको वीरेन्द्रनगर नगरपालिका क्षेत्रभित्र एकाघरका परिवारको नाममा निजी आवास भएमा आवास सुविधा उपलब्ध गराइने छैन। त्यस्तो पदाधिकारीले निजी आवास प्रयोग गरेमा अनुसूचीमा उल्लेख भए बमोजिमको रकम आवास मर्मत तथा सरसफाइको लागि उपलब्ध गराइनेछ।

(४) उपदफा (१) बमोजिम बन्दोवस्त भएको सरकारी आवासको मर्मत र सम्भार सरकारी खर्चमा गरिनेछ।

(५) उपदफा (१) बमोजिमको सुविधा सरकारी आवास प्रयोग गर्ने पदाधिकारीलाई आफ्नो पदावधि समाप्त भएको मितिले सात दिनसम्म उपलब्ध गराइनेछ।

५. <u>सञ्चार सुविधा</u>ः (१) पदाधिकारीले सञ्चार सुविधा बापत अनुसूचीमा उल्लेख भए बमोजिमको रकम पाउनेछ।

(२) पदाधिकारीलाई आवासमा इन्टरनेट र स्वदेशभित्र सञ्चार गर्न एक लाइन टेलिफोन जडान गरी बिल बमोजिमको महसुल भुक्तानी गरिनेछ।

६. <u>धारा र बिजुली महसुल</u>ः सरकारी आवासमा नबस्ने पदाधिकारीलाई धारा र बिजुली महसुल बापत अनुसूचीमा उल्लेख भए बमोजिमको रकम भुक्तानी दिइनेछ।

७. <u>लुगा भत्ता</u>ः पदाधिकारीलाई प्रत्येक वर्षको चैत मसान्तमा अनुसूचीमा उल्लेख भए बमोजिमको रकम लुगा भत्ता बापत भुक्तानी दिइनेछ।

८. <u>चाडपर्व खर्च</u>ः पदाधिकारीलाई खाइपाई आएको एक महिनाको पारिश्रमिक बराबरको रकम एक आर्थिक वर्षमा एक पटक आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाउने मुख्य चाडपर्वको अवसरमा चाडपर्व खर्च बापत भुक्तानी दिइनेछ।

९. <u>सवारी साधन तथा इन्धन सुविधा</u>ः पदाधिकारीलाई चालक सहितको एक हलुका सवारी साधन र अनुसूचीमा उल्लेख भए बमोजिमको इन्धन सुविधा उपलब्ध हुनेछ।

१०. <u>अतिथि सत्कार खर्च</u>ः पदाधिकारीलाई अनुसूचीमा उल्लेख भए बमोजिमको अतिथि सत्कार खर्च उपलब्ध हुनेछ।

११. <u>फर्निचर खर्च</u>ः प्रदेश सरकारबाट सरकारी आवासको बन्दोबस्त नभएको पदाधिकारीलाई आवासमा फर्निचर सम्बन्धी व्यवस्था गर्नको लागि अनुसूचीमा उल्लेख भए बमोजिमको फर्निचर खर्च उपलब्ध हुनेछ।

१२. <u>भ्रमण सम्बन्धी व्यवस्था</u>ः (१) अध्यक्षले आफ्नो सात दिनसम्मको भ्रमण आदेश आफैले स्वीकृत गर्न सक्नेछ र सो अवधिभन्दा बढीको भ्रमण आदेश प्रदेश प्रमुखबाट स्वीकृत गराउनु पर्नेछ।

(२) सदस्यको भ्रमण आदेश अध्यक्षले स्वीकृत गर्नेछ।

(३) पदाधिकारीले विदेश भ्रमण गर्दा प्रचलित कानून बमोजिम भ्रमण स्वीकृत गराउनु पर्नेछ।

(४) पदाधिकारीलाई भ्रमणमा जाँदा अनुसूचीमा उल्लेख भए बमोजिमको दैनिक भत्ता तथा भ्रमण खर्च उपलब्ध हुनेछ।

१३. <u>बिमा खर्च</u>ः पदाधिकारीले सरकारी कामको सिलसिलामा नेपालभित्र वा बाहिर भ्रमण गर्दा भ्रमण अवधिको लागि दश लाख रुपैयाँसम्मको बिमा गर्दा लाग्ने प्रिमियम बापतको रकम सम्बन्धित बिमकलाई भुक्तानी गरिनेछ।

१४. <u>उपचार खर्च</u>ः (१) पदाधिकारीले आफू बिरामी भई सरकारी अस्पतालमा उपचार गराउँदा देहाय बमोजिमको उपचार खर्च पाउनेछः-

(क) अस्पतालमा भर्ना भई उपचार गराउँदा लागेको बिल बमोजिमको खर्च र चिकित्सकको प्रेस्क्रिप्शन बमोजिम खरिद गरेको औषधी खर्च,

तर चिकित्सकको प्रेस्क्रिप्शनमा रोगको स्पष्ट निदान (डाइग्नोसिस) गरिएको हुनु पर्नेछ।

(ख) प्लाष्टिक सर्जरी बाहेक सबै किसिमको चिरफार (सर्जिकल अपरेशन) गर्दा लागेको बिल बमोजिमको खर्च।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुल सेवा अवधिभर पदाधिकारीले पाउने बाह्र महिनाको पारिश्रमिक भन्दा बढी रकमको उपचार खर्च उपलब्ध गराइने छैन।

(३) नेपाल सरकारद्वारा गठित मेडिकल बोर्डले नेपालभित्र औषधि उपचार हुन नसक्ने भनी सिफारिस गरेमा विदेशमा गई उपचार गराउन चाहने पदाधिकारीलाई उपदफा (१) बमोजिम पाउने उपचार खर्चको अतिरिक्त प्रदेश सरकारले उचित ठहऱ्याएको थप आर्थिक सहायता दिन सक्नेछ।

(४) यस दफा बमोजिम पाउने उपचार खर्च लिन नपाउँदै पदाधिकारीको मृत्यु भएमा त्यस्तो उपचार खर्च निजले इच्छाएको व्यक्तिले लिन पाउनेछ। पदाधिकारीले कसैलाई इच्छाएको रहेनछ वा इच्छाइएको व्यक्ति जीवित रहेनछ भने त्यस्तो उपचार खर्चको रकम निजको नजिकको हकवालालाई दिइनेछ।

(५) उपदफा (२) बमोजिम कुल सेवा अवधिभरमा पाउने उपचार खर्च मध्ये केही लिई वा नलिई उपचार खर्च बाँकी रहेको पदाधिकारीले सेवा गरेको प्रति वर्षको दुई महिनाको मासिक पारिश्रमिकको दरले हुन आउने रकम मध्ये बाँकी रकम अवकाश प्राप्त गरेपछि लिन पाउनेछ।

(६) यस दफा बमोजिम उपचार खर्च माग गर्ने पदाधिकारीले कार्यालयमा उपस्थित हुन नसक्ने गरी बिरामी भएको अवस्थामा बिरामी बिदा बाँकी भएसम्म बिरामी बिदा माग गर्नु पर्नेछ। बिरामी बिदा नभएमा मात्र अन्य बिदा माग गर्न पाउनेछ।

(७) यस दफा बमोजिम पदाधिकारीले पाएको उपचार खर्चको विवरण आयोगको अभिलेखमा राख्नु पर्नेछ।

## परिच्छेद-३

## बिदा सम्बन्धी व्यवस्था

**१५. बिदाः** पदाधिकारीले पूरा पारिश्रमिक सहित देहाय बमोजिमको बिदा पाउनेछ :-

(क) पर्व बिदा र भैपरी आउने बिदा,

(ख) घर बिदा,

(ग) बिरामी बिदा,

(घ) किरिया बिदा,

(ङ) प्रसुति बिदा, र

(च) प्रसुति स्याहार बिदा।

**१६. पर्व बिदा र भैपरी आउने बिदाः** (१) पदाधिकारीले प्रत्येक वर्ष पर्व बिदा छ दिन र भैपरी आउने बिदा छ दिन गरी जम्मा बाह्र दिन बिदा लिन पाउनेछ।

(२) पर्व बिदा र भैपरी आउने बिदा आधा दिन पनि लिन सकिनेछ।

(३) पर्व बिदा र भैपरी आउने बिदा सञ्चित गर्न सकिने छैन।

१७. **<u>घर बिदा</u>**ः (१) पदाधिकारीले काम गरेको अवधिको बाह्र दिनको एक दिनका दरले घर बिदा पाउनेछ।

**<u>स्पष्टीकरणः</u>** यस दफाको प्रयोजनको लागि "काम गरेको अवधि" भन्नाले काम गरेको दिन, पर्व बिदा तथा भैपरी आउने बिदामा बसेको दिन र सार्वजनिक बिदाको दिन सम्झनु पर्छ।

(२) घर बिदा नब्बे दिनसम्म सञ्चित गर्न सकिनेछ।

(३) पदाधिकारीले अवकाश हुँदाका बखत उपदफा (२) बमोजिम सञ्चित घर बिदा बापत निजले खाइपाई आएको पारिश्रमिकको दरले हुन आउने रकम एकमुष्ट पाउनेछ।

१८. **<u>बिरामी बिदा</u>**ः (१) पदाधिकारीले प्रत्येक वर्ष बाह्र दिन बिरामी बिदा पाउनेछ।

(२) उपदफा (१) बमोजिम खर्च नभएको बिरामी बिदा सञ्चित गर्न सकिनेछ।

(३) पदाधिकारीले अवकाश हुँदाका बखत उपदफा (२) बमोजिम सञ्चित बिरामी बिदा बापत निजले खाइपाई आएको पारिश्रमिकको दरले हुन आउने रकम एकमुष्ट पाउनेछ।

(४) पदाधिकारीले कुनै कडा रोग लागि स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गरेमा बिरामी बिदा बाँकी नभए दुई महिनासम्म पारिश्रमिक सहितको बिरामी बिदा पाउनेछ। त्यस्तो पारिश्रमिक सहितको बिरामी बिदा लिइसकेपछि एक पटकमा चार महिनासम्म र सेवा अवधिभरमा बाह्र महिनामा नबढ्ने गरी विना पारिश्रमिकको थप बिरामी बिदा लिन सक्नेछ।

१९. **<u>किरिया बिदा</u>**ः पदाधिकारीले आफै किरिया बस्नु परेमा कुल, धर्म वा संस्कार बमोजिम बढीमा पन्ध्र दिनसम्मको किरिया बिदा पाउनेछ।

२०. **<u>प्रसुति बिदा</u>**ः महिला पदाधिकारीले प्रसूतिको अघि वा पछि गरी अन्ठानब्बे दिन प्रसूति बिदा पाउनेछ।

२१. **<u>प्रसुति स्याहार बिदा</u>**ः पदाधिकारीले पत्नी सुत्केरी हुने भएमा सुत्केरीको अघि वा पछि गरी पन्ध्र दिन प्रसूति स्याहार बिदा पाउनेछ।

२२. **<u>बिदा दिने अधिकारी</u>**ः (१) पदाधिकारीले पर्व बिदा र भैपरी आउने बिदा आफै लिन सक्नेछ र सोको जानकारी आयोगलाई दिनु पर्नेछ।

(२) अध्यक्षले उपदफा (१) बमोजिमको बिदा बाहेक सात दिनसम्मको अन्य बिदा आफैले स्वीकृत गर्न सक्नेछ र निजले सात दिनभन्दा बढीको अन्य बिदा प्रदेश प्रमुखबाट स्वीकृत गराउनु पर्नेछ।

(३) सदस्यले उपदफा (१) बमोजिमको बिदा बाहेक अन्य बिदा अध्यक्षबाट स्वीकृत गराउनु पर्नेछ।

## परिच्छेद-४
## <u>विविध</u>

२३. **<u>कार्यवाहक अध्यक्षले पारिश्रमिक र सुविधा पाउने</u>**ः कार्यबाहक अध्यक्ष भई काम गर्ने व्यक्तिले कार्यवाहक अध्यक्ष भएको अवधिभर अध्यक्षले पाए सरह पारिश्रमिक र सुविधा पाउनेछ।

२४. **<u>उमेर गणना</u>**ः पदाधिकारीको उमेर देहायको आधारमा गणना गर्दा जुन उमेरबाट निज पहिले अवकाश हुन्छ सोही आधारमा उमेर गणना गरिनेछः-

(क) निजले पेश गरेको शिक्षण संस्थाको प्रमाणपत्रमा लेखिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर,

(ख) निजको नागरिकताको प्रमाणपत्रमा लेखिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर।

२५. <u>दोहोरो सुविधा नपाउने</u>: सरकारी कोषबाट निवृत्तभरण पाउने व्यक्ति पदाधिकारीमा नियुक्ति भएमा त्यस्तो व्यक्तिले निवृत्तभरण वा यस ऐन बमोजिमको पारिश्रमिक मध्ये एउटा सुविधा मात्र पाउनेछ।

२६. <u>सुविधा लागू हुने</u>: पदाधिकारीले यो ऐन बमोजिम पाउने सुविधा शपथ गरेको मितिदेखि पाउनेछ।

२७. <u>यसै ऐन बमोजिमको पारिश्रमिक र सुविधा पाउने</u>: यो ऐन प्रारम्भ हुँदाका बखत बहाल रहेको पदाधिकारीले शपथ गरेको मितिदेखि यसै ऐन बमोजिमको पारिश्रमिक र सुविधा पाउनेछ।

२८. <u>अनुसूचीमा हेरफेर गर्न सक्ने</u>: पदाधिकारीले खाईपाई आएको पारिश्रमिक तथा सुविधाको रकममा नघट्ने गरी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर गर्न सक्नेछ।

२९. <u>खारेज</u>: प्रदेश लोक सेवा आयोग ऐन, २०७५ को दफा ७ खारेज गरिएको छ।

## अनुसूची

(दफा ३ को उपदफा (१), दफा ४ को उपदफा (२) र (३), दफा ५ को उपदफा (१), दफा ६, ७, ९, १० र ११ तथा दफा १२ को उपदफा (४) सँग सम्बन्धित)

**पदाधिकारीको पारिश्रमिक र सुविधा**

| क्र.सं. | सुविधाको विवरण | इकाई दर | अध्यक्ष | सदस्य |
|---|---|---|---|---|
| १. | पारिश्रमिक | मासिक रुपैयाँ | ६२,६८०।- | ५५,०००।- |
| २. | आवास सुविधा | मासिक रुपैयाँ | १५,०००।- | १५,०००।- |
| ३. | आवास मर्मत तथा सरसफाई | वार्षिक रुपैयाँ | १०,०००।- | १०,०००।- |
| ४. | सञ्चार सुविधा (मोवाइल र पत्रपत्रिका समेत) | मासिक रुपैयाँ | ५,०००।- | ५,०००।- |
| ५. | धारा र बिजुली महशुल | मासिक रुपैयाँ | १,५००।- | १,५००।- |
| ६. | लुगा भत्ता | वार्षिक रुपैयाँ | १०,०००।- | १०,०००।- |
| ७. | इन्धन | मासिक लिटर | १२५ | १०० |
| ८. | मोविल | त्रैमासिक लिटर | ५ | ५ |
| ९. | अतिथि सत्कार खर्च | मासिक रुपैयाँ | ५,०००।- | २५,००।- |
| १०. | फर्निचर खर्च | सेवा अवधिभर एकपटक रुपैयाँ | ४०,०००।- | ४०,०००।- |
| ११. | दैनिक भत्ता र भ्रमण खर्च (स्वदेश तथा विदेश) | प्रति दिन | नेपाल सरकारको राजपत्राङ्कित विशिष्ट श्रेणीको कर्मचारी सरह। | नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारी सरह। |

**प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी**

| दफा र शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|
| **प्रस्तावना** | नेपालको संविधानको धारा २४४ बमोजिम गठित प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धमा कानूनी व्यवस्था गर्न आवश्यक भएकोले यो ऐन तर्जुमा गरिएको छ। |
| **१. संक्षिप्त नाम र प्रारम्भ** | ऐनको नाम उद्धरणका लागि सजिलो बनाउन "प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी ऐन, २०७८" रहने व्यवस्था गरिएको छ। साथै नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम मिति २०७८।०५।१६ मा जारी भएको प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी अध्यादेश, २०७८ मिति २०७८।११।२९ देखि निष्क्रिय भएकोले यो ऐन सोही मितिदेखि प्रारम्भ हुने व्यवस्था गरिएको छ। |
| **२. परिभाषा** | लामो शब्दलाई छोटकरीमा उल्लेख गर्न र अर्थ स्पष्ट गर्न ऐनमा प्रयोग भएका शब्दहरु "अध्यक्ष", "आयोग", "पदाधिकारी" र "सदस्य" को परिभाषा गरिएको छ। |
| **३. पारिश्रमिक** | पदाधिकारीले अनुसूचीमा उल्लेख भए बमोजिमको पारिश्रमिक पाउने प्रावधान रहेको छ। |
| **४. आवास सुविधा** | पदाधिकारीलाई प्रदेश सरकारबाट सरकारी आवासको बन्दोवस्त गरिने र सरकारी आवासको बन्दोवस्त नभएमा मासिक रुपमा अनुसूचीमा उल्लेख भए बमोजिमको रकम आवास सुविधा बापत दिइने व्यवस्था गरिएको छ। |
| **५. सञ्चार सुविधा** | पदाधिकारीले सञ्चार सुविधा बापत अनुसूचीमा उल्लेख भए बमोजिमको रकम, आवासमा इन्टरनेट र स्वदेशभित्र सञ्चार गर्न एकलाइन टेलिफोन जडान गरी बील बमोजिमको महसुल भुक्तानी गरिने सम्बन्धी व्यवस्था गरिएको छ। |
| **६. धारा र बिजुली महसुल** | सरकारी आवासमा नबस्ने पदाधिकारीलाई धारा र बिजुलीको महसुल बापत अनुसूचीमा उल्लेख भए बमोजिमको रकम भुक्तानी सम्बन्धी व्यवस्था गरिएको छ। |
| **७. लुगा भत्ता** | पदाधिकारीलाई प्रत्येक वर्षको चैत मसान्तमा अनुसूचीमा उल्लेख भए बमोजिमको रकम लुगा भत्ता बापत भुक्तानी दिन यो व्यवस्था गरिएको छ। |
| **८. चाडपर्व खर्च** | पदाधिकारीलाई खाइपाई आएको एक महिनाको पारिश्रमिक बराबरको रकम एक आर्थिक वर्षमा एक पटक आफ्नो धर्म, संस्कृति र परम्परा अनसुार मनाउने मुख्य चाडपर्वको अवसरमा चाडपर्व खर्च बापत भुक्तानी दिन यो व्यवस्था गरिएको छ। |

| | |
|---|---|
| ९. सवारी साधन तथा इन्धन सुविधा | पदाधिकारीलाई चालक सहितको एक हलुका सवारी साधन र अनुसूचीमा उल्लेख भए बमोजिमको इन्धन सुविधा उपलब्ध गराउन प्रस्तुत व्यवस्था गरिएको छ। |
| १०. अतिथि सत्कार खर्च | पदाधिकारीलाई अनुसूचीमा उल्लेख भए बमोजिमको अतिथि सत्कार खर्च उपलब्ध गराउन तत्सम्बन्धी व्यवस्था गरिएको छ। |
| ११. फर्निचर खर्च | प्रदेश सरकारबाट सरकारी आवासको बन्दोबस्त नभएको पदाधिकारीलाई अनुसूचीमा उल्लेख भए बमोजिमको रकम आवासमा फर्निचर खर्च बापत उपलब्ध गराउन प्रस्तुत व्यवस्था गरिएको छ। |
| १२. भ्रमण सम्बन्धी व्यवस्था | पदाधिकारीले आयोगको कामको सिलसिलामा स्वदेश वा विदेशमा भ्रमण गर्नु पर्ने भएकोले अध्यक्षले आफ्नो सात दिनसम्मको भ्रमण आदेश आफैले स्वीकृत गर्न सक्ने र सो अवधिभन्दा बढीको भ्रमण आदेश प्रदेश प्रमखुबाट स्वीकृत गराउनु पर्ने, सदस्यले भ्रमण आदेश अध्यक्षबाट स्वीकृत गराउनु पर्ने र भ्रमणमा जाँदा अनुसूचीमा उल्लेख भए बमोजिमको दैनिक भत्ता तथा भ्रमण खर्च पाउने सम्बन्धी व्यवस्था गरिएको छ। |
| १३. विमा खर्च | पदाधिकारीले सरकारी कामको सिलसिलामा नेपालभित्र वा बाहिर भ्रमण गर्दा यात्रा बिमा गर्न आवश्यक भएकोले भ्रमण अवधिको लागि दश लाख रुपैयाँसम्मको विमा गर्दा लाग्ने प्रिमियम बापतको रकम सम्बन्धित बिमकलाई भुक्तानी गरिने व्यवस्था गरिएको छ। |
| १४. उपचार खर्च | पदाधिकारीले आफू बिरामी भई सरकारी अस्पतालमा उपचार गराउँदा स्वदेशको अस्पतालमा भर्ना भई उपचार गराउँदा लागेको बील बमोजिमको खर्च र चिकित्सकको प्रेस्क्रिप्शनमा रोग निदान गरिएको औषधी खर्च र त्यस्तो उपचार खर्च अपुग हुन गएमा प्रदेश सरकारले उचित ठहऱ्याएको थप आर्थिक सहायता दिन सकिने सम्बन्धी व्यवस्था गरिएको छ। |
| १५. बिदा | पदाधिकारीलाई पूरा पारिश्रमिक सहित बिदा उपलब्ध गराउन पर्व बिदा, भैपरी आउने बिदा, घर बिदा, बिरामी बिदा, किरिया बिदा, प्रसुति बिदा र प्रसुति स्याहार बिदा लिन पाउने व्यवस्था गरिएको छ। |
| १६. पर्व बिदा र भैपरी आउने बिदा | पदाधिकारीले प्रत्येक पर्व बिदा छ दिन र भैपरी आउने बिदा छ दिन गरी जम्मा बाह्र दिन बिदा पाउने सम्बन्धी व्यवस्था गरिएको छ। |
| १७. घर बिदा | पदाधिकारीले काम गरेको अवधिको बाह्र दिनको एक दिनका दरले घर बिदा पाउने घर बिदा नब्बे दिनसम्म सञ्चित गर्न सक्ने र अवकाश हुँदा सञ्चित बिदा बापत रकम पाउने सम्बन्धी व्यवस्था गरिएको छ। |
| १८. बिरामी बिदा | पदाधिकारीले प्रत्येक वर्ष बाह्र दिन बिरामी बिदा पाउने, खर्च नभएको बिरामी बिदा सञ्चित गर्न सकिने, पदाधिकारीले अवकाश हुँदाका बखत सञ्चित बिरामी बिदा बापत निजले खाइपाई आएको पारिश्रमिकका दरले हुन आउने रकम एकमुष्ट पाउने, बिरामी बिदा नभए दुई महिना पारिश्रमिक सहित र बाह्र महिनासम्मको पारिश्रमिक बिनाको बिरामी बिदा पाउने सम्बन्धी व्यवस्था गरिएको छ। |

| | |
|---|---|
| १९. किरिया बिदा | पदाधिकारीले आफै किरिया बस्नु परेमा कुल, धर्म वा संस्कार बमोजिम बढीमा पन्ध्र दिनसम्मको किरिया बिदा पाउने सम्बन्धी व्यवस्था गरिएको छ। |
| २०. प्रसूति बिदा | महिला पदाधिकारीले प्रसूतिको अघि वा पछि गरी अन्नठानब्बे दिन प्रसूति बिदा पाउने सम्बन्धी व्यवस्था गरिएको छ। |
| २१. प्रसूति स्याहार बिदा | पदाधिकारीले पत्नी सुत्केरी हुने भएमा सुत्केरीको अघि वा पछि गरी पन्ध्र दिन प्रसूति स्याहार बिदा पाउने सम्बन्धी व्यवस्था गरिएको छ। |
| २२. बिदा दिने अधिकारी | पदाधिकारीले पर्व बिदा र भैपरी आउने बिदा आफै लिन सक्ने र सो को जानकारी आयोगलाई दिनु पर्ने, अध्यक्षले पर्व बिदा र भैपरी आउने बिदा बाहेक सात दिनसम्मको अन्य बिदा आफैले स्वीकृत गर्न सक्ने र निजले सात दिन भन्दा बढीको अन्य बिदा प्रदेश प्रमुखबाट स्वीकृत गराउनु पर्ने र सदस्यले पर्व बिदा र भैपरी आउने बिदा बाहेक अन्य बिदा अध्यक्षबाट स्वीकृत गराउनु पर्ने सम्बन्धी व्यवस्था गरिएको छ। |
| २३. कार्यवाहक अध्यक्षले पारिश्रमिक र सुविधा पाउने | कार्यवाहक अध्यक्ष भई काम गर्ने व्यक्तिले कार्यबाहक अध्यक्ष भएको अवधिभर अध्यक्षले पाए सरह पारिश्रमिक र सुविधा पाउने सम्बन्धी व्यवस्था गरिएको छ। |
| २४. उमेर गणना | पदाधिकारीको उमेर देहायको आधारमा गणना गर्दा जुन उमेरबाट निज पहिले अवकाश हुन्छ सोही आधारमा उमेर गरिने सम्बन्धी व्यवस्था गरिएको छ। |
| २५. दोहोरो सुविधा नपाउने | सरकारी कोषबाट निवृत्तभरण पाउने व्यक्ति पदाधिकारी नियुक्त भएमा त्यस्तो व्यक्तिले यो ऐन बमोजिमको पारिश्रमिक वा निवृत्तभरण मध्ये एउटा सुविधा पाउने सम्बन्धी व्यवस्था गरिएको छ। |
| २६. सुविधा लागू हुने | यो ऐन बमोजिम सुविधा पाउने पदाधिकारीले शपथ गरेको मितिदेखि सुविधा पाउने सम्बन्धी व्यवस्था गरिएको छ। |
| २७. यसै ऐन बमोजिमको पारिश्रमिक र सुविधा पाउने | यो ऐन प्रारम्भ हुँदाका बखत बहाल रहेको पदाधिकारीले शपथ गरेको मितिदेखि यसै ऐन बमोजिमको पारिश्रमिक र सुविधा पाउने सम्बन्धी व्यवस्था गरिएको छ। |
| २८. अनुसूचीमा हेरफेर गर्न सक्ने | पदाधिकारीले खाइपाई आएको पारिश्रमिक तथा सुविधाको रकममा नघट्ने गरी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर गर्न सक्ने सम्बन्धी व्यवस्था गरिएको छ। |
| २९. खारेज | प्रदेश लोक सेवा आयोग ऐन, २०७५ को दफा ७ खारेज सम्बन्धी व्यवस्था गरिएको छ। |
| अनुसूची | दफा ३ को उपदफा (१), दफा ४ को उपदफा (२) र (३), दफा ५ को उपदफा (१), दफा ६, ७, ९, १० र ११ तथा दफा १२ को उपदफा (४) सँग सम्बन्धित) पदाधिकारीको पारिश्रमिक र सुविधा सम्बन्धी व्यवस्था गरिएको छ। |